# नेपाल उद्योग वाणिज्य महासंघले
# २०६७/१/३० गते आयोजना गरेको
# देशको वर्तमान परिस्थितिबारे आकस्मिक भेलाको निर्णय

नेपाल उद्योग वाणिज्य महासंघद्वारा वैशाख ३० गते काठमाडौंमा बोलाइएको महासंघका सदस्य, संघ एवं प्रतिष्ठानहरुको आकस्मिक भेला महत्वपूर्ण निर्णयहरु गर्दै सम्पन्न भयो ।

महासंघका अध्यक्ष कुशकुमार जोशीको अध्यक्षतामा महासंघका पूर्व अध्यक्षहरु, वरिष्ठ उपाध्यक्ष एवं उपाध्यक्षहरु, सल्लाहकार समितिका सदस्यहरु, कार्यकारिणी समितिका सदस्यहरु, जिल्ला/नगर उद्योग वाणिज्य संघ, बस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिहरु एवं एशोसिएट सदस्यका प्रमुखहरुको सहभागितामा सम्पन्न आकस्मिक भेलाले देहाय बमोजिमको निर्णयहरु गरेको छ :

१. मुलुकको अर्थतन्त्र र विशेषतः आम नेपालीको वृहत्तर हितलाई ध्यानमा राखी असहज परिस्थितिबाट देशलाई बचाउन नेपाल उद्योग वाणिज्य महासंघले हालसम्म खेलेको भूमिकाको उच्च कदर गर्दै राजनीतिक दलहरु बीच भएको असहमतिका कारण सिर्जित अत्यन्त प्रतिकूल परिस्थितिबाट मुलुकलाई निकास दिन महासंघले अझ फलदायी एवं सशक्त भूमिका खेल्ने र यस सन्दर्भमा महासंघको नेतृत्वले गर्ने समसामयिक निर्णयलाई पूर्ण समर्थन गर्ने ।

२. राजनीतिक दलहरुलाई सहमतिमा पुग्न दवाव सिर्जना गर्ने, हालको गतिरोधलाई अन्त्य गरी ४८ घण्टा (२ कार्य दिन) सम्म मुलुकलाई निकास दिन दलहरुलाई आग्रह गर्ने । संवैधानिक संकट आउनु अगाडिनै राजनीतिक दलहरु बीच सहमति बन्न नसके महासंघले थप दवावका कार्यक्रम ल्याउन वाध्य हुने ।

३. उद्योग व्यवसाय क्षेत्रको प्रतिनिधित्व गर्दै नेपाली जनताको पक्षमा हुने दवावका कार्यक्रममा महासंघसंग आवद्ध नभएका उद्योगी, व्यवसायी, पेशाकर्मी र अन्य संघ/संस्थाहरुलाई पनि समेटेर कार्यक्रमहरु अघि बढाउने ।

४. देशको हितलाई सर्वोपरि राखी सबैलाई राष्ट्रिय सहमतिमा ल्याउन भरमग्दुर पहल गर्ने ।

५. आर्थिक सामाजिक विकासका क्रियाकलापहरुमा बाधक बन्ने बन्द, हड्ताल, जबरजस्ती चन्दा असुली जस्ता कार्यक्रम नगर्ने प्रतिवद्धतालाई राष्ट्रिय सहमतिकै हिस्सा बनाइनु पर्ने ।

६. देशको अर्थतन्त्र जर्जर हुंदै गएको र उद्योग व्यवसाय धरासायी भएको अवस्थामा बन्द, हड्ताल आदि आन्दोलनका लागि जबरजस्ती उठाईने चन्दाको विरोध गर्ने तथा त्यस्तो चन्दा नदिने र कर स्थगन गर्नेसम्मको कठोर निर्णयमा जानसम्म तयार रहने ।

७. निर्णायक बहस गर्ने कार्यमा महासंघसंग सहकार्य गर्ने मेडिया सोसाइटी नेपाल, टेलिभिजन ब्रोडकाष्टर्स नेपाल, ब्रोडकास्टिङ एशोसिएशन नेपाल, सामूदायिक रेडियो प्रशारक संस्था (आकुराव), नेपाल चेम्बर अफ कमर्स, होटेल एशोसिएशन अफ नेपाललाई औपचारिक धन्यवाद दिने । वृहद शान्ति भेलाका सह–आयोजक शान्ति र विकासका लागि पेशागत संजाल (पापड) का सदस्य संस्थाहरु, काठमाडौंमा भएको कार्यक्रमको संयोजन गर्ने नेपाल चेम्बर अफ कमर्स, ललितपुर उद्योग वाणिज्य संघ, भक्तपुर उद्योग वाणिज्य संघ, जिल्लाका कार्यक्रमहरुको संयोजन गर्ने जिल्ला/नगर उद्योग वाणिज्य संघहरु, कार्यक्रममा आफ्नो सक्रिय सहभागिता देखाउने होटेल एशोसिएशन अफ नेपाल, घरेलु तथा साना उद्योग महासंघ, प्याब्सन, एन प्याब्सन लगायतका संघ संस्थाहरुलाई धन्यवाद दिने । अभुतपूर्व रुपमा सहभागिता जनाउने नेपाली दाजुभाई दिदी बहिनीहरु प्रति कृतज्ञता प्रकट गर्ने र सो कार्यक्रमलाई सुरक्षित रुपमा कार्यान्वयन गर्न सहयोग गर्ने नेपाल प्रहरी, शसस्त्र प्रहरी लगायतका सुरक्षा निकायहरु प्रति आभार व्यक्त गर्ने ।